


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ १३ गते बिहीबार ❑ 27 Jan. 2022 ❑ पृष्ठ ६ ❑ मूल्य रु. ५।-

## गण्डकी प्रदेशमा राष्ट्रियसभा सदस्यमा गठबन्धनकै उमेदवार निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ माघ**

गण्डकी प्रदेशबाट राष्ट्रियसभा सदस्यमा गठबन्धनकै उमेदवारहरु निर्वाचित हुन सफल भएका छन् ।

बुधबार निर्वाचन कार्यालय पोखरामा भएको मतदानमा गठबन्धनका ३ जना उमेदवार निर्वाचित भएको निर्वाचन कार्यालयले जनाएको छ । नेकपा (माओवादी केन्द्र) का दलित क्लष्टरबाट भुवनबहादुर सुनार, अन्य क्लष्टरबाट सुरेश आलेमगर र नेपाली काग्रेंसकी कमला पन्त निर्वाचित भएको निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराईले जनाए । नेकपा माओवादी केन्द्र बाट अन्यमा सुरेशकुमार आलेमगरले ३ हजार



९६ मतभार प्राप्त गर्दा उनका प्रतिश्रर्धी एमालेका पुण्यप्रसाद पौडेलले भने २ हजार ६ सय ९४ मतभार प्राप्त गरे ।

नेकपा माओवादी केन्द्र बाट दलित कोटामा निर्वाचित भुवनबहादुर सुनारले ३ हजार ४८ मतभार प्राप्त गरे । उनका प्रतिस्पर्धी एमालेका अर्जुनकुमार सुनामले भने २ हजार ७ सय २४ मत प्राप्त गरे । पोखरास्थित निर्वाचन आयोगको कार्यालयमा भएको निर्वाचनमा प्रदेशसभा सदस्यबाट ५९ र स्थानीय तहबाट १ सय ६८ गरी कुल २ सय २७ मत खसेको निर्वाचन कार्यालयले जनाएको छ । यसैबिच, नेपाली कांग्रेसका तर्फबाट महिलातर्फ निर्वाचित कमला पन्तले ३ हजार ८४ मतभार ल्याउदा उनका प्रतिस्पर्धी एमालेकी लीला पोखरेल थनेतको २ हजार ७ सय २४ मतभार ल्याएकी छन् ।

गण्डकी प्रदेशमा एमालेका २७ जना सांसद रहेकाछन भने नेपाली कागेंसको १५ सांसद, माओबादी केन्द्रको १२ सांसद रहेका छन् । जनमोर्चा र जनता समाजबादीको भने २, २ सांसद रहेका छन भने एक स्वतन्त्र सांसद रहेका छन। प्रदेशमा ८५ वटा पालिका प्रमुख तथा उपप्रमुख गरी १ सय ७० जना उमेदवार रहेका थिए ।

## नेपालको जनसंख्या दुई करोड ९१ लाख

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ माघ**

राष्ट्रिय जनगणना-२०७८ को प्रारम्भिक नतिजाअनुसार मुलुकको जनसङ्ख्या दुई करोड ९१ लाख ९२ हजार ४८० पुगेको देखिएको छ ।

र ा ि ष ट ् य योजना आयोग मातहतको केन्द्रीय तथ्याङ्क विभागले बुधबार सार्वजनिक गरेको विवरणानुसार प्रक्षेपित तीन करोडभन्दा करीब आठ लाख कम हुन पुगेको छ । अन्तिम नतिजामा यो विवरणमा सामान्य हेरफेर हुन सक्ने जनाइएको छ । विसं. २०६८ को जनगणनामा दुई करोड ६४ लाख ९४ हजार ५०४ जनसङ्ख्या रहेको थियो । अघिल्लो जनगणनाको तुलनामा भक्तपुरको जनसङ्ख्या वृद्धिदर सबैभन्दा बढी र रामेछापको जनसङ्ख्या सबैभन्दा घट्दो दरमा रहेको पाइएको छ । सो जनगणनाको स्थलगत कार्य पहिलो चरणको गत २०७८ भदौ ३० देखि असोज १८ र दोस्रो चरणको २०७८ कात्तिक २५ देखि मंसिर ९ गतेसम्म भएको थियो । प्रदेशगतरूपमा मधेश प्रदेशको जनसङ्ख्या सबैभन्दा बढी छ भने कर्णाली प्रदेशको कम देखिएको छ । आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेलले नेपाल दुई करोड ९१ लाख नेपालीको प्यारो ढुकढुकी रहेको जनगणनाबाट देखिएकाले यस कार्यमा संलग्न सबैलाई धन्यवाद व्यक्त गर्नुभयो । विभागका महानिर्देशक नेविनलाल श्रेष्ठले आफूहरूले नेपालको नयाँ नक्सामा समावेस लिपुलेक, कालापानी र लिम्पियाधुरामा पनि गणना गरिएको तथा विस्तृत विवरण आउन बाँकी रहेको बताउनुभयो ।

पत्रकारको प्रश्नमा महानिर्देशक श्रेष्ठले छोरा र छोरीमा विभेद न्यून हुँदै गएकाले छोरा पाउनकै लागि सन्तान बढाउने प्रवृत्ति अन्त्य हुँदै गएकाले पनि अपेक्षाकृतरूपमा जनसङ्ख्या बढ्न नसकेको हुन सक्ने जनाउनुभयो । नेपालको संविधान, २०७२ पछि मुलुकमा भएको पहिलो जनगणनाको प्रारम्भिक नतिजा सार्वजनिक भएको हो ।

## राष्ट्रियसभामा पाँच दलीय गठबन्धनका उम्मेदवार १८ स्थानमा विजयी

**रासस**
**काठमाडौं, १२ माघ**

राष्ट्रियसभा सदस्य १९ रिक्त पदका लागि बुधबार भएको निर्वाचनमा पाँच दलीय गठबन्धनका उम्मेदवार १८ पदमा विजयी हुनुभएको छ ।

प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)बाट प्रदेश नं १ मा अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक कोटाका उम्मेदवार सोनाम गेल्जेन शेर्पा भने गठबन्धनका उम्मेदवारलाई पराजित गर्दै चार हजार ७७० मतभारसहित विजयी हुनुभएको छ। निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार गोपालकुमार बस्नेत, कृष्णप्रसाद पौडेल, कमला पन्त, युवराज शर्मा, दुर्गा गुरुङ र नारायणदत्त मिश्र विजयी हुनुभएको छ। नेकपा (माओवादी केन्द्र)का उर्मिला अर्याल, भुवन सुनार, सुरेश आलेमगर, नरबहादुर विष्ट र जगतबहादुर पार्की पनि निर्वाचित हुनुभएको छ । नेकपा (एकीकृत समाजवादी)का तर्फबाट जयन्तीदेवी राई, गोमादेवी तिमिल्सिना, राजेन्द्रलक्ष्मी गैरे, उदय बोहरा र मदनकुमार शाह (गरिमा) निर्वाचित हुनुभएको हो । जनता (समाजवादी पार्टी नेपाल)का उम्मेदवार महम्मद खालिद र राष्ट्रिय जनमोर्चाका तुलप्रसाद विश्वकर्मा पनि आफ्ना प्रतिद्वन्द्वीलाई पराजित गरी निर्वाचित हुन सफल हुनुभएको छ । उहाँहरू आगामी छ वर्षे कार्यकालका लागि निर्वाचित हुनुभएको हो । निर्वाचन आयोगका प्रवक्ता शालीग्राम शर्माका अनुसार यस निर्वाचनमा दुई हजार २५ मतदाता कायम रहेकामा दुई हजार सात मत खसेको थियो । देशका विभिन्न प्रदेशमा कायम रहेका आठ मतदानस्थल र १४ केन्द्रमा बिहान ९ देखि दिउँसो ३ बजेसम्म मतदान भएको थियो ।

आगामी फागुन २० गते एमालेका आठ, एकीकृत समाजवादीका चार, माओवादी केन्द्रका चार र कांग्रेसका तीन राष्ट्रियसभा सदस्यको पदावधि सकिने भएकाले ती रिक्त स्थानका लागि निर्वाचन भएको हो । सदस्यको पदावधि समाप्त हुन ३५ दिनअघि नै निर्वाचन गर्नुपर्ने प्रावधान छ । राष्ट्रियसभा सदस्यको यस निर्वाचनमा महिला, दलित अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक र अन्य समूह गरी १९ रिक्त पदमा नौ राजनीतिक दलका ४३ उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्थ्यो ।

निर्वाचनमा सम्बन्धित प्रदेशभित्रका प्रदेशसभा सदस्य तथा स्थानीय तहका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष नगरपालकाका प्रमुख तथा उपप्रमुख मतदाता रहनुभएको थियो । प्रदेशसभा सदस्यको मतभार ४८ तथा पालिकाका प्रमुख उपप्रमुखको मतभार १८ रहेको छ ।

## गण्डकीमा ७८० जना कोरोना संक्रमित थपिए

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ माघ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ७८० जना कोरोना सङ्क्रमित थपिएका छन् । प्रदेशअन्तर्गतका विभिन्न प्रयोगशाला एवं अस्पतालमा ४११ जनाको पिसिआर तथा ३७९ जनाको एन्टिजेन परीक्षण गरिएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका संयोजकनवराजशर्मालेजानकारी दिनुभयो ।

उहाँका अनुसार थपिनेमा कास्कीका ३८५, स्याङ्जाका १०४, तनहुँका ८६, लम्जुङका ६५, नवलपरासी पूर्वका ४९, म्याग्दीका ४६, गोरखाका २३, वाग्लुङका २० र पर्वतका १२ जना छन् ।

यस अवधिमा २१३ जना निको भएका छन् । प्रदेशमा होम आइसोलेसनमा रहनेको सङ्ख्या छ हजार ९३५ रहेको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

## थप आठ हजार संक्रमित, ५ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ माघ**

पछिल्लो २४ घण्टामा आठ हजार ४५४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा कृष्णप्रसाद पौडेलले २० हजार ३५९ परीक्षण गर्दा आठ हजार ४५४ जनामा सङ्क्रमण पुष्टि भएको जानकारी दिनुभयो ।

उहाँका सक्रिय सङ्क्रमितको सङ्ख्या ९० हजार ६७ पुगेको छ । पछिल्लो समय चार हजार ४३३ जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या आठ लाख ३१ ७१२ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ८९.१ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

उहाँले विगत २४ घण्टामा आज पाँच जनाको सङ्क्रमणका कारणले निधन भएको जानकारी दिनुभयो । अहिलेसम्म ११ हजार ६७२ जनाको सङ्क्रमणका कारणले निधन भएको छ । यस्तै ५०० भन्दाबढी सङ्क्रमण भएको जिल्ला १७ पुगेको छ । मन्त्रालयका अनुसार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा महानगरको नगर सभा यही माघ २८ र २९ गते हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ माघ**

पोखरा महानगरपालिकाको यही माघ २८ र २९ गते नगर सभा हुने भएको छ ।

सोमबार र मंगलबार पोखरामा सम्पन्न भएको पोखरा महानगरपालिकाको ५३ औं कार्यपालिका वैठकले उक्त निर्णय गरेको कार्यवाहक नगर प्रमुख मञ्जुदेवी गुरुङ्गले बताइन। पोखरा महानगरपालिकाको आगामि १० औं नगर सभा माघ २८ र २९ गते पोखरा सभागृहमा आयोजना हुने भएको उनले जनाइन् । पोखरा महानगरपालिका भित्र रहेका अटो वर्कशपहरुलाई व्यवस्थित गर्न अटोभिलेजका लागि आवश्यक उपयूक्त जग्गा खोजि तथा पहिचान गर्न निम्नानुसार कार्यदल गठन समेत गरिएको महानगरले जनाएको छ ।

पोखरा महानगरपालिका वडा नम्बर ५ का वडा अध्यक्ष धन बहादुर नेपालीको सयोजकमा कार्यदल गठन भएको हो । अन्य सदस्यहरुमा शोभामोहन पौडेल (पोखरा १९ का वडा अध्यक्ष), शंकर प्रसाद बास्तोला (पोखरा ४ का वडा अध्यक्ष), सनतकुमार भट्टराई( अटो व्यवसायी), सन्तोषकुमार मिश्र (अटो व्यवसायी) र अर्को एक सदस्यमा ई.सुलभ तिसिमल्सीना रहेका छन् ।

पोखरा महानगरपालिका वडा नं. १८ र वडा नं. २३ मा शहरी स्वास्थ्य केन्द्र भवन बनाउन नेपाल सरकारको नाउँमा रहेको जग्गा सहमतिका लागि अनुरोध गर्ने, नेपाल रेडक्रस सोशाईटी कास्की शाखाको निर्माणधिन रक्त संचार सेवा केन्द्रको भवन निर्माणका लागि आर्थिक सहयोग २५ (पच्चीस) लाख अनुदान सहयोग गर्ने निर्णय गरेको छ ।

त्यसै गरी पोखरा प्रज्ञा प्रतिष्ठानमा रिक्त रहेको पदमा नाम सिफारीस गर्न वडा नं. ७ का वडा अध्यक्ष रामचन्द्र बराललाई जिम्मेवारी दिने, फेवाताल मापदण्डको विषयमा सर्वोच्च अदालतको आदेश, हाल सम्म गठन भएका मापदण्ड निर्धारण समितिहरुको प्रतिवेदन, स्थानीय वासिहरुको गुनासो, स्थलगत बस्तुगत अवस्था लगायत अध्ययन गरी सिफारीस गर्न समेत निर्णय भएको महानगरले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## धेरै प्रतिशत खोप लगाउने मुलुकको सूचीमा नेपाल


**रासस**
**काठमाडौं, १२ माघ**

सरकारले प्राथमिकताका साथ कोभिडविरुद्धको खोप निःशुल्क लगाएपछि दक्षिण एशियामै धेरै प्रतिशत जनसङ्ख्याले खोप लगाउने मुलुकमा नेपाल पनि परेको छ। आगामी चैत मसान्तसम्म १८ वर्षमाथिका सबै नागरिकलाई पूर्णमात्रा खोप लगाइसक्ने लक्ष्य लिएको सरकारले हालसम्म ७१ प्रतिशतलाई पहिलो मात्रा खोप दिइसकेको छ भने ६१ प्रतिशतले दुवै मात्रा खोप लगाइसकेका छन् ।

प्रधानमन्त्रीमा शेरबहादुर देउवा निर्वाचित भएपछि 'खोप, खोप र खोप' को नीतिअनुसार अघि बढ्दा दक्षिण एशियामै कोभिडविरुद्धको खोप धेरै प्रतिशतलाई लगाउने मुलुकमा नेपाल उक्लिएको हो ।

प्रधानमन्त्री देउवा सरकारको नेतृत्व लिएपछि खोप खरिद द्रुतगतिमा अघि बढेको, खोप केन्द्र आवश्यकताअनुसार बढाइएको र खोप लगाउने

बाँकी अन्तिम पृष्ठमा ▶▶



# १४ वर्ष पछि एपिएफ आहा राराको फाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ माघ**

विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब १४ बर्ष पछि आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।



पोखरा रंगशालामा बुधबारको भएको पहिलो सेमिफाइनलमा एपिएफले मछिन्द्र क्लवलाई १ का बिरुद्ध ३ गोल बर्षाउदै पोखरामा जारी २० औं संस्करणको आहा राराको फाइनलमा यात्रा बनाएको हो।

लिग विजेता मच्छिन्द्र फुटबल क्लबलाई पराजित गरेको एपिएफले विहिबार हुने दोश्रो सेमिफाइनल खेलको विजेता टोलीसंग यही माघ १५ गते फाइनल खेलमा प्रतिष्प्रर्धा गर्ने भएको छ। विहिबार मनाङ मर्स्याङदी क्लव बिरुद्ध त्रिभुवन आर्मी क्लव बिच खेल हुने भएको छ। एपिएफको जीतमा सनिष श्रेष्ठ, प्रदीप लामा र क्याप्टेन नवीन लामाले समान एक एक गोलको योगदान दिए। प्रतियोगितामा एपिएफका प्रदीप लामा म्यान अफ दी म्याच घोषित हुँदै नगद ८ हजार पुरस्कार प्राप्त गर्न सफल भए। विदेशी खेलाडी ओमुलाजा नुरेन करीमले गरेको एक गोल मछिन्द्रको लागि शान्त्ना गोलमा परिणत भयो। खेलको २५ औ मिनेटमा एपिएफका सनिष श्रेष्ठले हेडमार्फत गोल गर्दै टिमलाई अग्रता दिलाए। मन्छिन्द्रका डिफेन्डर छिरिङ गुरुङले मणि लामालाई फल गरेपछि एफिएफले फ्रिकिकको अवसर पाएसंगै लामाको फ्रिकिकमा श्रेष्ठले हेडमार्फत गोल गर्न गरेका हुन्। मछिन्द्रका ओमुलाजा नुरेन करीमले खेलको ४० औं मिनेटमा गोल गरी खेल बराबरीमा पुराए। मच्छिन्द्रले खेलको ७१ औं मिनेटमा भरपर्दा विदेशी खेलाडी करीम दोहोरो कार्ड खाँदै मैदानबाट बाहिरिए पछि १० खेलाडीमै सीमित हुन परेको थियो। ६८ औं मिनेटमा एपिएफका प्रदीप लामाले गोल गर्दै गोलअन्तर २-१ म पुऱ्याए। दोस्रो हाफको इन्जुरी समयमा क्याप्टेन नवीन लामाले अर्को गोल गर्दै जीत सुनिश्चित पारे। कम व्याक गर्न सफल भएको मछिन्द्रले ४० मिनेट पछिको समय सम्हालिन नसक्दा अन्ततः एपिएफलाई जित सुम्पिनु पऱ्यो। गत बर्ष मछिन्द्र अफ्रिकन रुट्ससंग क्वाटरफाइनलमा पराजित भएको थियो। एपिएफले उद्घाटनमा आयोजक सहारा क्लब र क्वारफाइनलमा पाहुना टोली अमेरिकाको बिवाईएससी क्लब मिनेसोनाटालाई पराजित गर्दै आफ्नो अपराजिनत यात्रा जारी राखेको छ। एपिएफ २०६४ सालको छैटौं आहा रारामा फाइनलमा पुगेको थियो। पटक पटक आहा रारामा सहभागि भए पनि उपाधि चुम्न नसकेको एपिएफले आहा रारामा १४ वर्षपछि फाइनल पुग्न सफल भएको हो।

बिहीबार दोस्रो सेमिफाइनल खेलमा विभागीय त्रिभुवन आर्मी क्लब र पोखरेलीको प्यारो टिम मनाङ मर्स्याङ्दी क्लब बीच प्रतिस्पर्धा हुने भएको आयोजक सहारा क्लवले जनाएको छ। मनाङले नेपाल पुलिस र आर्मीले थ्रिस्टारलाई हराउँदै सेमिफाइनमा यात्रा बनाएको हो। विहिबारको खेलमा विजेता टोलीले एपिएफसंग उपाधि सहित १० लाख पुरस्कारको लागि फाइनल खेलमा यही माघ १५ गते प्रतिष्प्रर्धा गर्ने भएको छ। मच्छिन्द्रका प्रशिक्षक प्रवेश कटवालले आफुहरुको हार हुनुमा रेफ्रीलाई दोष देखाए। एपिएफका प्रशिक्षक कुमार थापाले मच्छिन्द्रजस्तो टिमलाई हराउनु आफ्नो लागि ठुलो उपलब्धि भएको बताए।

यसैबीच, आयोजक सहारा क्लब पोखराले बुधबार देखि दर्शकलाई टिकट लियर मैदान प्रबेश गराएको थियो। स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर रंगशालामा एकतिहाइ दर्शक छिराउने गरी प्रतिदर्शक ३ सय टिकट व्यवस्था गरिएको क्लवले जनाएको छ। सेमि र फाइनलमा दर्शकसंग क्लवले जनही ३ सय रुपैयामा आहा राराको फुटवल खेल हेर्न रंगशालामा प्रबेश गराउने भएको छ। खोपकार्ड अनिवार्य, मास्क, सेनिटाइजर, निश्चित दुरी कायम गरी सिटमा बस्ने व्यबस्था मिलाइएको महासचिव रामजी प्रसाद अधिकारीले बताए। नेपाल सरकारको गत पुष २९ गतेको निर्णय बमोजिम सिट क्षमताको २५ प्रतिशत मात्र दर्शक प्रबेश गर्ने गरी दर्शक प्रबेशमा कुनै अवरोध नगर्ने कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले बताए।

## धेरै प्रतिशत...

जनशक्तिमा व्यापक वृद्धि गरेका कारण खोप व्यवस्थापन चुस्त भएको हो।

हाल सबै प्रदेशमा कोभिसिल्ड/एस्ट्राजेनेका र सिनोफार्मका पहिलो तथा दोस्रो मात्रा खोप लगाइरहेको छ भने ५७ जिल्लामा मोडर्ना खोपको पहिलो मात्रा खोप दिइरहेको छ। प्रदेश १ मा हालसम्म १८ वर्षमाथिका ७५ प्रतिशत नागरिकले पहिलो मात्रा खोप लगाइसकेका छन् भने ६० प्रतिशतले पूर्णमात्रा खोप प्राप्त गरेका छन्। यस्तै मधेस प्रदेशमा ६१ प्रतिशतले पहिलो मात्रा लगाउँदा ५३ प्रतिशतले पूर्ण मात्रा खोप लगाएका छन्।

यसैगरी, बागमती प्रदेशमा ८६ प्रतिशतले पहिलो मात्रा तथा ८० प्रतिशतले पूर्णमात्रा, गण्डकी प्रदेशमा ८३ प्रतिशतले पहिलो मात्रा तथा ८९ प्रतिशतले पूर्ण मात्रा लगाएका छन्। लुम्बिनी प्रदेशमा ७५ प्रतिशतले पहिलो मात्रा र ६५ प्रतिशतले पूर्ण मात्रा खोप लगाएका छन् भने कर्णाली प्रदेशमा ५७ प्रतिशतले पहिलो मात्रा खोप प्राप्त गर्दा ५५ प्रतिशतले पूर्ण मात्रा र सुदूरपश्चिम प्रदेशमा ६४ प्रतिशतले पहिलो मात्रा खोप लगाउँदा ६२ प्रतिशतले पूर्ण मात्रा खोप लगाइसकेका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार यही माघ ११ गतेसम्म कोरोनाविरुद्धको खोपको पूर्ण मात्रा लगाउने सङ्ख्या एक करोड ३१ लाख छ हजार ७२६ पुगेको छ। त्यसमध्ये कोभिसिल्डको पूर्ण मात्रा लगाउनेको सङ्ख्या २९ लाख १७ हजार ३०४ छ भने भेरोसेलको पूर्णमात्रा लगाउनेको सङ्ख्या ७८ लाख २१ हजार ४०६ रहेको छ।

यस्तै २३ लाख २४ हजार ८०७ जनाले जोनसेनको पूर्णमात्रा लगाउँदा फाइजरको पूर्णमात्रा लगाउने ४३ हजार २०९ जना छन्। यसैगरी एक करोड ६३ लाख ३३ हजार ९३७ जनाले कोरोनाविरुद्धको खोपको पहिलो मात्रा लगाएका छन्। त्यसमध्ये कोभिसिल्ड ४५ लाख ३० हजार ७८७, भेरोसेल ९७ लाख ४६ हजार २७० र फाइजर दुई लाख ५९ हजार ९४० जनाले पहिलो मात्रा लगाएका छन्। यस्तै १७ लाख ९६ हजार ९४० जनाले मोडर्नाको पहिलो मात्रा खोप लगाएका छन्।

य स बा हे क सरकारले फ्रन्टलाइनमा खटिने तथा अत्यावश्यक सेवामा कार्यरत नागरिकलाई निःशुल्क बुस्टर डोज पनि दिइरहेको छ। हालसम्म दुई लाख २३ हजार ९४४ जनाले बुस्टर डोज लगाइसकेका छन्।

कूल जनसङ्ख्याको ४३ प्रतिशतले खोपको पूर्णमात्रा लगाउँदा ५४ प्रतिशतले पहिलो मात्रा लगाएका छन् भने जोनसेनको खोपसहित ६१ प्रतिशतले कम्तीमा खोपको पहिलो मात्रा लगाइसकेका छन्।

यसमा १८ वर्षमाथिका व्यक्तिमा ६६ प्रतिशतले खोपको पूर्णमात्रा लगाइसकेका छन् भने ७३ प्रतिशत पहिलो मात्रा लगाएका छन्। यस्तै १२ देखि १७ वर्षसम्मका ५३ प्रतिशतले पहिलो मात्रा लगाउँदा शून्य दशमलब १ प्रतिशतले पूर्णमात्र लगाएका छन्।

## थप आठ हजार...

मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, नुवाकोट, कास्की, नवलपरासी पूर्व, बाके, रुपन्देही, दाङ र कैलाली रहेका छन्।

यस्तै २०० भन्दाबढी सङ्क्रमित भएका १७ जिल्ला रहेका छन्। ती जिल्लामा पर्सा, बारा, महोत्तरी, सत्तरी, सर्लाही, सिराहा, धादिङ, सिन्धुपाञ्चोक, सिन्धुली, दोलखा, गोरखा, तनहुँ, स्याङ्जा, बागलुङ, पाल्पा, सुर्खेत र कञ्चनपुर रहेका छन्। नेपालमा सङ्क्रमण दर १८ प्रतिशत रहेको छ। हाल होम आइसोलेशनमा ८८ हजार २४८, संस्थागत आइसोलेसनमा एक हजार ८१९, आइसियुमा २५१ र भेन्टिलेटरमा ४८ जनाको उपचार हुँदैछ।

विगत २४ घण्टामा आज दुई लाख ५६ हजार ४१६ जनाले खोप लगाएका छन्। यस्तै कोरोना भाइरसविरुद्धको बुस्टर डोज दुई लाख ६४ हजार ८९१ मात्रा लगाइएको छ।

# महिला प्रतिभा प्रतिष्पर्धामा सिग्देल प्रथम

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ माघ**

पोखरा महानगरपालिका वडा नं १३ वडा कार्यालयद्वारा बुधबार वडाको जनकल्याण समाज काहुँखोलामा आयोजना गरेको टोल बिकाश संस्था स्तरीय महिला प्रतिभा प्रतिष्पर्धा, वक्तृ वकला प्रतियोगितामा कुँडहर टोल अन्तर्गत बाल कल्याण आमा समुहकी पार्वती सिग्देल प्रथम भएकी छिन्।

वडाका कुल ५७ वटा टोल बिकाश संस्था,आमा समुह लगायत महिला का बिभिन्न संघ संस्था तथा समुहहरु मध्ये बाट १५ जनाले प्रतिस्पर्धामा भाग लिएका थिए। प्रतियोगितामा मिजार समाज पोखरा १३ की राधा नेपाली दित्तिय तथा हिमाली टोल बिकाश समितीकी अमरावती सुबेदी तृतीय र नव दुर्गा टोल बिकाश संस्थाकी धन कुमारी गुरुङले सान्त्वना स्थान प्राप्त गरेका छन्। 'कोभिड १९ महामारी बाट मानवजातिले सिक्नुपर्ने पाठ' शिर्षकमा आयोजना गरिएको वक्तित्व कला प्रतियोगितामा शान्ति गुरुङ,तारा माया थापा र पार्वती पौडेल निर्णायक थिए।

कार्यक्रममा प्रमुख अतिथि वडानं १३ का वडा अध्यक्ष दर्शन लामाले बिजयी प्रतियोगीहरुलाई नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गर्दै कोभिड १९ ले पारेको असर र यसबाट बच्ने उपाय स्वरुप जनचेतना मुलक कार्यक्रम अन्तर्गत यस प्रकारको कार्यक्रम आयोजना गरिएको जानकारी गराए। उनले कोभिड १९ ले बिशेष गरी महिला दिदीबहिनीहरु झनै प्रभावित भएकोले यसबाट बच्ने उपाय बारे महानगरपालिका र वडाले बिशेष कार्यक्रम ल्याएको र सबै मिलेर नै यसबाट बच्ने कार्य मा लाग्न आग्रह समेत गरे।

कार्यक्रममा पत्रकार श्रीराम सिग्देलले महिलाहरु केन्द्रीत क्षमता अभिवृद्धिका विविध कार्यक्रम मध्ये वक्तृ वकला पनी एक कला भएकोले यस प्रकार का कार्यक्रमहरुले पनी महिलाहरु लाई अगाडी बढ्न सघाउ पुर्याउने बताए।

वडा नं १३ की वडा सदस्य कृष्ण कुमारी गुरुङ को सभापतित्वमा भएको कार्यक्रममा अर्की वडा सदस्य कमला बि क ले स्वागत तथा समाजसेवी इन्दिरा आचार्य ले कार्यक्रम सञ्चालन गरेकी थिईन।

# कुक तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ माघ**



प्राबिधिक शिक्षा तथा व्यबसायीक तालिम परिषद् गण्डकी प्रदेशको आर्थिक सहयोग तथा पोखरा प्राबिधिक शिक्षालय फुलबारी सिटिइभिटि द्वारा संचालित ३९० घण्टा अर्थात ६५ दिने आधारभूत कुक तालिम सम्पन्न भएको छ।

सोमबार तालिम समापन गर्दै पोखरा महानगरपालिका २६ का वडाध्यक्ष नारायण प्रसाद बरालले आजको आवश्यकता प्राबिधिक शिक्षा रहेको बताए। उनले भने 'जसको हातमा सीप छ उसलाई जीबनमा समस्याहरू रहदैन'। सीपबाट नै जिविको पार्जन गर्न सहयोग गर्दछ तेसैले यस्ता सस्थाहरूले सहयोग गर्नुपर्ने हुन्छ। सिटिइभिटि गण्डकी प्रमुख हर्कलाल श्रेष्ठले हामीले कलेज स्तरिय कार्यक्रम हरू संचालन गर्दछौं जुन अन्य कलेजको तुलनामा कमी हुनेछैन र विद्यार्थीहरूलाई जहाँ गएपनि सम्बन्धित बिषयमा जीवन यापन सहज हुन्छ। सि टि ई भिटिका भोजराज ढुङ्गानाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रशिक्षक राम गुरूङ्, लगायत ले आफ्नो धारणा राखेका थिए।

गत वर्ष सुरू भएको तालिम कोरोनाको कारणले पछि धकेलिएको थियो ३९० घण्टा अर्थात ६५ दिनसम्म चलेको तालिममा २० जना विद्यार्थीको सहभागिता थिथो भने कार्यक्रम को सहजिकरण समाजसेवि मनोहरि ढुङ्गानाले गरेका थिए।

# पशुपति धर्मशाला सञ्चालनको सम्झौता रद्द

**रासस**
**काठमाडौं, १२ माघ**

संस्कृति, पर्यटन तथा नागरिक उडड्डयनमन्त्री प्रेमबहादुर आलेले नेपाल-भारत मैत्री पशुपति धर्मशाला सञ्चालनको सम्झौता रद्द गर्ने निर्णय गर्नुभएको छ। मन्त्रालयमा मङ्गलबार आयोजना गरिएको पत्रकार सम्मेलनमा मन्त्री आलेले बतास समूहले सञ्चालन गर्दै आएको सो धर्मशालाको सम्झौता फिर्ता लिइएको जानकारी गराउनुभएको हो।

मन्त्रीस्तरीय निर्णयबाट धर्मशाला सञ्चालनका लागि व्यावसायिक फार्म बतास समूहसँग सम्झौता रद्द भएको मन्त्री आलेले बताउनुभयो। उहाँले भन्नुभयो, "छानबिन समितिले गरेको सिफारिसका आधारमा धर्मशाला फिर्ता लिने निर्णय गरेका छौँ, अब धर्मशाला बसात समूहले सञ्चालन गर्दैन।" पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष नारायण सुवेदीको संयोजकत्वमा गठित छानबिन समितिले धर्मशाला भाडामा दिँदा मिलेमतो भएको भन्दै फिर्ता लिनुपर्ने निष्कर्षसहित मन्त्री आलेलाई प्रतिवेदन बुझाएको थियो।

पशुपति क्षेत्र विकास कोष र बतास समूहअन्तर्गतको होटल आनन्द प्रालिबीच सम्झौता भइ पशुपति धर्मशाला सञ्चालनमा आएको थियो। कोषले निर्माण गरेको संरचनामा बतास समूहले महङ्गो मूल्य लिँदै होटलका रूपमा धर्मशाला सञ्चालन गर्दै आएको आरोप लागेको थियो।

उक्त आरोपपछि मन्त्री आलेले उक्त धर्मशालाको अनुगमन गर्नुभएको थियो। अनुगमनका क्रममा धर्मशाला निर्माण गर्दा र सम्झौता भएबमोजिम बेडको सङ्ख्या र दररेट फरक पारेको, कोषलाई बुझाउनुपर्ने भाडा नबुझाएको, धर्मशालामा विभिन्न कार्यालय राखेको, कोषको स्वीकृतिबिना धर्मशालामा विभिन्न संरचना निर्माण गर्नेजस्ता कार्य गरेको पाइएको थियो।

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरु:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्पर्क राख्नुहोला।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।*

**सम्पर्क:**
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान:**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट: नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# नेपालमा भ्रष्टाचारको अवस्था उस्तै

नेपालले भ्रष्टाचारमा शून्य सहनशिलता नीति लिए पनि भ्रष्टाचार घट्न सकेको छैन । भ्रष्टाचार विरुद्ध कार्यरत अन्तर राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई)ले सार्वजनिक गरेको २०२१ को भ्रष्टाचार अवधारणा सूचकांक (सीपीआई) मा नेपालको अवस्थामा कुनै सुधार आएको छैन । सीपीआई २०२१ ले १८० देशको सार्वजनिक क्षेत्रको भ्रष्टाचारबारे विज्ञको अवधारणा मापन विगत १ वर्ष (सन् २०२०/२१) मा विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्सम्यान फाउन्डेसन, वर्ल्ड जस्टिस प्रोजेक्ट, र भीडीईएमसमेत गरी ६ वटा संस्थाद्वारा गरिएका सर्वेक्षणका आधारमा सूचकांक सार्वजनिक गरिएको छ। सीपीआई २०२१ मा नेपाललाई १०० मा ३३ अंक (११७ औं स्थान) दिइएको छ । गत वर्ष पनि यस सूचीमा नेपालको अंक ३३ (११७ औं स्थान) मै थियो । सिपिआई अनुसार नेपाल भ्रष्टाचार व्याप्त मुलुकहरूको श्रेणीमै रहेको टीआईले जनाएको छ । नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने राजनीतिक इच्छाशक्तिको अभावले गर्दा सुधार हुन सकेको छैन ।

२०१९ मा ३४ अंकसहित नेपाल ११३ औं स्थानमा थियो। त्यस्तै, २०१८ मा ३१ अंक प्राप्त गरी १२४, २०१७ मा ३१ अंकसहित १२२, २०१६ मा २९ अंकसहित १३१,२०१५ मा २७ अंकसहित १३०, २०१४ मा २९ अंकसहित १२६, २०१३ मा ३१ अंकसहित ११६ र २०१२ मा २७ अकंसहित १३९ औं स्थानमा थियो । एक दशकको सूचकांक हेर्दा भ्रष्टाचारमा नेपालको अवस्थामा दयनीय छ । सीपीआई २०२१ मा दक्षिण एसियाली देशमध्ये भुटान ६८ अंकसहति २५, मालदिभ्स ४० अंकसहति ८५, भारत ४० अंकसहित ८५, श्रीलंका ३७ अंकसहित १०२ औं स्थानमा छ। नेपाल भने भुटान,मालदिभ्स,भारत र श्रीलंका भन्दापछि छ। सबैभन्दा धेरै भ्रष्टाचार हुने दक्षिण एसियाली देशमा पनि नेपाल चौथो छ ।

अफगानिस्तान १६ अंक प्राप्त गरी १७४ औं स्थानमा छ । सीपीआईले विश्वभरि नै भ्रष्टाचार विरोधी प्रयासमा भएको कमी र शिथिलताले गर्दा मानवअधिकार र लोकतन्त्र धरापमा परेको जनाएको छ । संसारभरि नै भ्रष्टाचार घट्न नसकेको र ८६ देशले एक दशकसम्म पनि कुनै प्रगति हासिल नगरेको देखिएको छ । सीपीआईले नागरिक हकअधिकार कमजोर भएका देशमा भ्रष्टाचार, मानवअधिकार हनन हुने, लोकतन्त्रको स्तर घट्ने, अधिनायकवाद बढ्ने र भ्रष्टाचारमा थप वृद्धि हुने जनाएको छ ।

यस वर्षको सूचकांकमा समावेश १८० देशमध्ये डेनमार्क, फिनल्याण्ड र न्यूजिल्याण्डले कुल १०० मा ८८ अंकसहित सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक भएका छन् भने साउथ सुडान ११ अंकसहित सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकका रूपमा सूचीकृत भएका छन् । यस सूचकांकमा १०० अंकले अति स्वच्छ र ० अंकले अति भ्रष्टाचार रहेको जनाउँछ । विश्वसनीय अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा सम्पन्न गरिएका विभिन्न सर्वेक्षणको आधारमा टीआईद्वारा यो सूची तयार गर्ने गर्दछ । टीआईले यो सूची सन् १९९५ देखि प्रत्येक वर्ष सार्वजनिक गर्दै आएको छ भने यस सूचीमा नेपाललाई सन् २००४ देखि समावेश गरिएको छ। सीपीआई २०२१ मा दुई तिहाई मुलुकले ५० भन्दा कम अंक (स्कोर) प्राप्त गरी बढी भ्रष्टाचार हुने मुलुकका रुपमा रहेका छन्। यस वर्षको औसत स्कोर ४३ रहेको छ ।

पछिल्लो दशकमा १५४ देशको स्कोर बढ्न नसकेको वा भ्रष्टाचार नियन्त्रणमा केही प्रगति नभएको देखिएको छ । सीपीआई २०२१ मा नेपालका लागि समाविष्ट विभिन्न ६ संस्थाका सर्वेक्षणले सार्वजनिक क्षेत्रमा भ्रष्टाचार र अधिकारको दुरुपयोग कायम रहनु, व्यापार व्यवसायमा घुसखोरी रहनु, कारबाहीमा कमी हुनु, सूचनामा नागरिकको पहुँचमा कमी हुनु, राजनीतिक भ्रष्टाचार नियन्त्रण नहुनुजस्ता संदेश दिएको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक पदाधिकारीमाथि प्रश्न, अन्तरदेशिय भ्रष्टाचार नियन्त्रण, शक्ति नियन्त्रण र सरकारी खर्चको पारदर्शिता बढाउन सुझाव दिएको छ । भ्रष्टाचारको विरोध तथा मानवअधिकार प्रवद्र्धन गर्न सरकारहरूलाई अपिल गर्दै सम्पूर्ण नागरिकलाई परिवर्तन माग गर्न ऐक्यवद्ध हुन अपिल पनि गरेको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मानसिक तनाव |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : झमेला बढ्ने | धनु | : मन चञ्चल |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : व्यापारमा लाभ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भनुहोस् ।


# भूर्तेल बन्धु समाज नेपाल कास्किमा कालिप्रसाद

पोखरापत्र संवाददाता
लेखनाथ, १२ माघ

भूर्तेल बन्धु समाज कास्किको हालै सम्पन्न पाँचौ साधारण सभा तथा तेस्रो अधिवेशनबाट कालिप्रसाद भूर्तेल अध्यक्षमा निर्वाचित भएका छन ।

जसको उपाध्यक्षमा पार्वति भूर्तेल, सचिबमा बिरेन्द भूर्तेल, कोषाध्यक्षमा दुर्गा शर्मा भूर्तेल सहसचिबमा सन्देश भूर्तेल र सदस्य हरूमा गंगादेबि भूर्तेल, गंगादेबि भूर्तेल डिहि, कलिङ भूर्तेल, बद्री प्रसाद भूर्तेल, धनकुमारि भूर्तेल, राधाकृष्ण भूर्तेल रहेका छन् । भर्तेल समाज कास्कीका अध्यक्ष लक्ष्मीप्रसाद भूर्तेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि भूर्तेल समाज नेपालका केन्द्रीय समन्वय समिति सचिव भोजराज भूर्तेल रहेका थिए । अतिथि भूर्तेल समाज बिकसमा भूर्तेलहरूको विशेष महत्ववूर्ण भुमिका रहेको बताए। भेलामा कालिप्रसद भूर्तेल, चेतभक्त भूर्तेल, कालिदास भूर्तेल दुर्गा देबि भूर्तेल, सोमनाथ भूर्तेल, लगाएतले आ आफ्नो धारणा राखेका थिए ।

# बीस वर्षपछि काजकिरिया

पोखरापत्र संवाददाता
दमौली, १२ माघ

तत्कालीन सशस्त्र द्वन्द्वका क्रममा तनहुँमा मृत्युभएका गोरखाका श्रीराम खनालको २० वर्षपछि काजकिरिया गरिएको छ । खनालका परिवारले बुधबार देवघाटमा हिन्दू धर्मअनुसार उनको दाहसंस्कार गरी काजकिरिया सुरु गरेका हुन् ।

विसं २०५८ माघ २३ गते साबिक छाङ गाविस-९ को साउनेपानीमा हत्या श्रीरामको हत्या गरिएको बताइएको छ । गोरखाको साबिक ताक्लुङ गाविसका खनालको परिवार हाल चितवनको रत्ननगरमा बस्दै आएको छ। मृतक श्रीरामका दाइ हरिश्चन्द्रका अनुसार यस बीचमा धार्मिक परम्पराअनुसार दाइको काजकिरिया गर्ने निर्णय भए पनि विभिन्न कारणले गर्न नसकिएको हुँदा अहिले आएर दाहसंस्कार र काजकिरिया गरिएको हो ।

मृतक माइला दाइ ईश्वरीप्रसाद खनाल भाइको किरिया बस्नुभएको छ । तत्कालीन नेकपा (माओवादी) को तनहुँ जिल्ला कमिटीको सदस्य रहनुभएका श्रीरामको पार्टीको बैठकका क्रममा मृत्यु भएको जनाइएको छ । उहाँ अविवाहित हुनुहुन्थ्यो ।

# शुक्रबारदेखि मौसममा क्रमिक सुधार हुने

रासस
काठमाडौं, १२ माघ

पछिल्लो केही दिनयतादेखि पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावले प्रभावित मौसम शुक्रबारदेखि क्रमिक सुधार हुने भएको छ ।

उक्त मौसमी प्रणाली शुक्रबारदेखि कमजोर हुने देखिएकाले मौसममा क्रमिक सुधार हुने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले जानकारी दिनुभयो । "बिहीबारसम्म देशभर आंशिकदेखि सामान्य बदली नै रहन्छ", उहाँले भन्नुभयो । विभागले आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श जारी गर्दै सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशको थोरै स्थानमा र बाँकी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहनुका साथै देशको उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेकाले चिसोबाट बच्न र त्यसको प्रभावबाट जोगिन आवश्यक सुरक्षा तथा सतर्कता अपनाउन अनुरोध गरिएको छ । हाल देशको सुदूरपश्चिम प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदली रहेको छ । साथै सुदूरपश्चिम प्रदेशको एक-दुई स्थानमा हल्का वर्षा भइरहेको छ । बिहीबार प्रदेश नं १, बागमती तथा गण्डकी प्रदेशको पहाडी भूभागमा आंशिकदेखि सामान्यतया बदली रही बाँकी प्रदेशको पहाडी भूभागमा आंशिक बदली रहनेछ । देशको पहाडी भू-भागका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रही देशका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको समेत सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम पाँच दशमलव ६ डिग्री र अधिकतम तापक्रम १६ दशमलव पाँच डिग्री सेल्सियस रहेको छ । त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस एक दशमलव सात डिग्री र सबैभन्दा धेरै जनकपुरको अधिकतम तापक्रम २४ दशमलव शून्य डिग्री सेल्सियस रहेको छ ।

# 'भिजिट भिसा' दिन मापदण्ड बनाइने

रासस
काठमाडौं, १२ माघ

सरकारले भिजिट भिसा उपलब्ध गराउन मापदण्ड बनाउने भएको छ ।

भिजिट भिसा प्रयोग गरी दुबईलगायतका खाडी मुलुकमा गई विभिन्न कठिनाइ भोगिरहेका सन्दर्भमा बास्तविक स्थितिको विश्लेषण र त्यसबाट सिर्जित समस्याका विषयमा अध्ययन गरी कार्यान्वयनको ठोस योजना पेश गर्न गठित समितिलाई उक्त मापदण्ड बनाउने जिम्मा दिइएको हो । गृह मन्त्रालयका सहसचिव फडिन्द्रमणि पोखरेलको संयोजकत्वमा उक्त समिति बनाइएको छ । समितिका सदस्यमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव शेषनारायण पौडेल, परराष्ट्र मन्त्रालयका सहसचिव हरिसचन्द्र घिमिरे, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकाल र अध्यागमन विभागका निर्देशक (उपसचिव) प्रकाशचन्द्र अधिकारी रहनुभएको छ । समितिको सदस्य सचिवमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका उपसचिव दिनबन्धु सुवेदी रहनुभएको छ ।

# सुन्तला बिक्रीबाट एउटै गाउँमा साढे दुई करोड भित्रियो

- खेमराज गौतम
बागलुङ, १२ माघ



बागलुङ नगरपालिका-८ सिगानाका अनन्तबहादुर खड्काले यस वर्ष आफ्नो बगैँचाका सुन्तला टिपेर पोखरा पुऱ्याउनुभयो । सुन्तला टिपेर पोखरा पुऱ्याउनुभएका खड्काको हातमा यस वर्ष रु चार लाख ५० हजार हात पऱ्यो । सुन्तला टिप्ने ज्याला र यातयात खर्च घटाउँदा उहाँले रु चार लाख बचत गर्नुभयो ।

सुन्तला गाउँका रूपमा परिचित सिगानामा सबैभन्दा ठूलो सुन्तला बगैँचा अनन्त खड्काको छ । खड्काको बगैँचामा २०० सुन्तलाका बोटले उत्पादन दिइराखेको छ। उहाँले सुन्तलाको बढी मूल्य लिन पोखरा लगेर बिक्री गरेको बताउनुभयो । "सुन्तला बोटबाटै बिक्री गर्दा प्रतिकिलो रु ६० देखि रु ६५ सम्म पर्छ, पोखरा लगेपछि रु १२० सम्ममा बिक्री गरेको छु", खड्काले भन्नुभयो, "यसपटक गत वर्षभन्दा रु एक लाख बढी आम्दानी गर्ने योजना सफल भयो, टिप्ने बेलामा केही औसा किराले झारेका कारण केही समस्या भयो ।" खड्काले बगैँचा सुधार र मलजलमा ध्यान दिने हो भने सुन्तला उत्पादनमा वृद्धि हुने अनुभव सुनाउनुभयो ।

यस्तै सिगानाकै अर्का किसान रामबहादुर खड्काले यस वर्ष बोटबाटै रु दुई लाखको सुन्तला बिक्री गर्नुभएको छ । उहाँले गत वर्षको तुलनामा औसा किराको प्रभावले केही कम उत्पादन भएको जानकारी दिनुभयो । "गत वर्ष रु साढे दुई लाख हात परेको थियो, नयाँ उत्पादन दिने बिरुवासहित यस वर्ष रु तीन लाख हात पार्ने लक्ष्य हो, तर औसा किरा र वर्षातको समयमा फूल झर्दा रु दुई लाखको मात्रै सुन्तला उत्पादन भएको छ", खड्काले भन्नुभयो । खड्काजस्ता सिगानामा १०० भन्दा बढी किसानले व्यावसायिकरूपमा सुन्तला खेती गर्दै आएका छन् । उनीहरूले यस वर्ष झण्डै रु साढे दुई करोडको सुन्तला बागलुङ बजार, पोखरा र चितवनको बजारमा बिक्री गरेका छन् । सुन्तलाको पकेट क्षेत्रका रूपमा रहेको सिगानामा प्रतिवर्ष सुन्तला उत्पादनमा क्रमशः वृद्धि हुँदै आएको बागलुङ नगरपालिका-८ का वडाध्यक्ष राजन जिसीले जानकारी दिनुभयो । "सिगानामा पछिल्लो पाँच वर्षमा झण्डै ३० हजार सुन्तलाका बिरुवा थप भएका छन्", वडाध्यक्ष जिसीले भन्नुभयो, "बागलुङ नगरपालिकाले उब्जानी अनुदानवापत यो आर्थिक वर्षमा सिगानाका किसानले रु ६ लाख अनुदानसमेत पाएका छन्, नयाँ बिरुवाले उत्पादन दिन थालेपछि सिगानामा वार्षिक रु पाँच करोडको सुन्तला निर्यात गर्ने हाम्रो लक्ष्य हो, यस वर्ष रु साढे दुई करोड रकम सुन्तला बिक्री गरेर सिगानाका किसानले भित्र्याएका छन् ।" खेतीपाती मासेर सुन्तला लगाउँदा किसानले सुन्तला फलाउन कम्तीमा पाँच वर्ष लाग्ने भएकाले नगरपालिकाले सुन्तलाको रोपनीका आधारमा उब्जनी अनुदान दिँदै आएको छ।

यस वर्ष रु तीन करोडको सुन्तला बिक्री गर्ने किसानको लक्ष्य रहे पनि अत्यधिक वर्षा र औसा किराको समस्याले रु ५० लाखको उत्पादन घटेको छ । सिगानाका सयभन्दा बढी किसानको बगैँचामा बढीमा २०० देखि घटीमा १० बोटसम्म उत्पादन दिने सुन्तलाका बोट छन् । उनीहरूले सुन्तला खेतीतर्फ आकर्षण बढेपछि खेत तथा कोदो बारी मासेर धमाधम सुन्तला खेती विस्तार गरिरहेका छन् ।

यस वर्ष बागलुङ नगरपालिकाले दुई हजार सुन्तलाका बिरुवा र दुई हजार कागतीका बिरुवा अनुदानमा वितरणसमेत गरेको थियो । सिगाना प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुन्तला पकेट क्षेत्रका रूपमा समेत समावेश भएको छ। सिगानामा कोरोनाअघि वार्षिकरूपमा सुन्तलाको प्रवर्द्धन र विकासका लागि सुन्तला उत्सवसमेत आयोजना हुँदै आएको थियो । कोरोनाका कारण दुई वर्षदेखि सुन्तला उत्सव हुनसकेको छैन । सिगानाका सुन्तला स्वादिष्ट हुने भएकाले यसको माग उच्च छ ।

# राष्ट्रिय प्रसारण लाइनमा जोडियो ताराखोला जलविद्युत्

पोखरापत्र संवाददाता
बागलुङ, १२ माघ

ताराखोला जलविद्युत् आयोजना विद्युत् प्राधिकरणको राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ। दुई वर्षदेखि विद्युत् उत्पादन गर्दै आए पनि अहिले बल्ल राष्ट्रिय प्रसारण लाइनमा जोडिएको हो । २८० किलोवाट क्षमताको सो आयोजनाको हालसम्म जम्मा विद्युत् खपत १०० किलोवाट मात्रै रहेको थियो ।

दुई वर्षदेखि १८० किलोवाट विद्युत् खेर गइरहेको र अहिले राष्ट्रिय प्रसारणमा जोडिएको ताराखोला जलविद्युत्लिमिटेडका अध्यक्ष हिमाल विकले जानकारी दिनुभयो । "दुई वर्षदेखि विद्युत् उत्पादन भइरहेको थियो, उत्पादनको आधा विद्युत्समेत गाउँमा खपत भएको थिएन, गाउँमा जम्मा एक हजार ३०० घरमा विद्युतीकरण गरिएको छ," उहाँले भन्नुभयो, "अहिले नेपाल विद्युत् प्राधिकरणसँग खरिद बिक्री सम्झौता (नेट मिटरिङ पिपिए) गरेका छौँ । गत माघ ११ गतेदेखि आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।"

उत्पादन भएर खेर गइरहेको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएपछि जलविद्युत् आयोजना फाइदामा जाने भएको छ । दुई वर्षदेखि १८० किलोवाट विद्युत् खेर गइरहेको ताराखोला जलविद्युत् आयोजनाले जनाएको छ । प्राधिकरणअन्तर्गत गलकोटको हरिचौर सबस्टेसन मार्फ ताराखोलाको अर्गलमा वितरण गरिएको प्रसारण लाइनमा सो आयोजनाले उत्पादन गरेको विद्युत् जोडिएको प्राधिकरण बागलुङ वितरण केन्द्रका प्रमुख दिलीप मरासिनिले जानकारी दिनुभयो ।

उहाँका अनुसार राष्ट्रिय प्रसारण लाइनमा जोड्न प्राधिकरणले दिएको अनुमतिअनुसार आयोजनालाई राष्ट्रिय प्रसारण आयोजनाको ११ केभिए प्रसारण लाइनमा जोडिएको छ ।

सो आयोजनाले उत्पादन गरेको विद्युत् प्राधिकरणले खपत गर्ने र आयोजनाले कम उत्पादन गर्दा प्राधिकरणको विद्युत् आयोजनामार्फत वितरण गर्ने गरी सम्झौता भएको छ । केन्द्र प्रमुख मरासिनीका अनुसार छ महिना (मङ्सिरदेखि वैशाख) सम्म प्रतियुनिट आठ रुपैयाँ ४० पैसा र अर्को छ महिना (जेठदेखि कात्तिक) सम्म प्रतियुनिट चार रुपैया ८० पैसामा खरिदबिक्री गर्ने सम्झौता भएको छ ।

सम्झौताले स्थानीयवासीलाई बढी फाइदा पुग्ने उहाँको भनाइ छ । स्थानीय जलविद्युत् समस्यामा बन्द हुँदासमेत गाउँमा प्राधिकरणको विद्युत् पठाउन सकिन्छ ।

# फुटबलका पूर्वकप्तानको शैक्षिक योग्यताको प्रमाणपत्र नै नक्कली

रासस
काठमाडौं, १२ माघ

नेपाली फुटबलको राष्ट्रिय टोलीका पूर्वकप्तान हरि खड्काले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नेपाल प्रहरीमा जागिर खाएको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबारविशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगका अनुसार खड्काले पेश गरेको प्रवीणताप्रमाणपत्र तहको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको अनुसन्धानमा खुलेको छ । आयोगका अनुसार खड्का महानगरीय प्रहरी गण नं २ मा दरबन्दी भई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान केन्द्रीय खेलकूद समितिमा प्रहरी नायब निरीक्षकका रूपमा कार्यरत हुनुहुन्थ्यो । आयोगका सहायक प्रवक्ता वेदप्रसाद भण्डारीका अनुसार खड्काले प्रहरीमा पेश गरेकोशैक्षिकयोग्यताकोप्रमाणपत्र माध्यमिक शिक्षा परिषद् वाराणसी, उत्तर प्रदेशबाट जारी भएको देखिन्छ ।

उक्त प्रमाणपत्र नक्कली रहेको आयोगको दावी छ । आयोगले बिगोबमोजिमको कारवाहीको माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

# बागलुङमा दोस्रो लामो पुल बन्ने

पोखरापत्र संवाददाता
बागलुङ, १२ माघ

'सिङ्गल स्पान' प्रविधिमा एक टापुबाट अर्को टापुमा जोड्ने नेपालकै दोस्रो लामो झोलुङ्गे पुल निर्माणको प्रक्रिया यहाँ सुरु भएको छ।

बागलुङको बाङ्गेचौर र पर्वतको अदुवाबारी जोड्नेगरी कालीगण्डकीमाथि 'सिङ्गल स्पान' प्रविधिमा संसारकै लामो (५६७ मी लामो) पुल निर्माण गरेको 'सस्पेन्सन ब्रिज डिभिजन'ले अर्को लामो पुल निर्माणको तयारी थालेको हो । बागलुङ नगरपालिकाको निरन्तर प्रयासपछि डिभिजनले बागलुङ नगरपालिका-४ गौरीधामदेखि पर्वतको जलजला गाउँपालिका-८ नागलीबाङ जोड्ने लामो पुल निर्माणको प्रक्रिया अघि बढाएको हो । प्रारम्भिक सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भएपछि झोलुङ्गेपुल निर्माणका लागि बोलपत्रको प्रक्रिया सुरु भएको हो । कालीगण्डकीमाथि ५२४ मिटर लामो र १७२ मिटर उचाइमा बन्ने पुल प्रभावित क्षेत्रमा डिभिजनका प्राविधिकहरूको समूहले स्थलगत अध्ययन गरेको छ। "हामी पुल निर्माणका लागि ठेक्का प्रक्रियामा जाँदैछौँ, प्रभावित क्षेत्रमा विवाद रहे नरहेको र परामर्शदाताले काम गर्दा स्थलगत अवलोकन गरे/नगरेको विषयमा जानकारी लिएका छौँ," इञ्जिनियर टोपबहादुर बानियाँले भन्नुभयो, "यो नेपालमा 'सिङ्गल स्पान' प्रविधिको दोस्रो लामो पुल हो।" प्रभावित क्षेत्रका सर्वसाधारणमा उत्साह देखिएकाले बोलपत्रको प्रक्रिया तत्काल सुरु हुने उहाँले बताउनुभयो।

पुल निर्माणका लागि नेपाल सरकारले रु १२ करोड विनियोजन गरेको छ । ठेक्का लागेको दुई वर्षमा पुल तयार हुनेछ । "बागलुङमा संसारकै लामो पुल तयार हामीले नै गरेकाले यो पुल तयार गर्न समस्या हुँदैन," बानियाँले भन्नुभयो, "प्रविधि त्यही हो, निर्माण व्यवसायीले निर्धारित समयमा काम सक्दा समयमै पुल बन्छ।" यो पुल निर्माणका लागि नगरपालिकाले पहल गर्दै आएको बागलुङनगरपालिकाका प्रमुख जनकराज पौडेलले बताउनुभयो। "बजेट विनियोजन भइसकेपछि पनि काममा ढिलाइ भएकाले खबरदारी गरिरहेका थियौँ," पौडेलले भन्नुभयो, "डिभिजनको समूहले स्थलगत अध्ययन गरेकाले अब काम छिट्टै अघि बढ्छ ।" पुल निर्माण भएपछि पर्वतको जलजला गाउँपालिकाका सर्वसाधारणलाई बागलुङ बजारको पहुँचमा ल्याउन सहज हुनेछ । नागलीबाङमा उत्पादन हुने तरकारी बागलुङ बजार ल्याउन, पञ्चकोट, शालग्राम सङ्ग्रहालय र बागलुङ कालिका लगायतका ठाउँमा पर्वतका सर्वसाधारणलाई आवतजावत गर्न र बागलुङका सर्वसाधारण पर्वत जान सहज हुने बागलुङ नगरपालिका-४ का अध्यक्ष ध्रुवबहादुर केसीले बताउनुभयो।

यो पुल बनेपछि घण्टौँ लाग्ने बाटो १० मिनेटमा छोटिनेछ । पर्वतको नागलीबाङका सर्वसाधारणलाई बागलुङ आउन र बागलुङबाट जलजला गाउँपालिका जानका लागि कालीगण्डकीले बनाएको खोँचमा आवतजावत गर्नुपर्ने बाध्यता छ। बागलुङको बलेवा नारायणस्थान र पर्वत सदरमुकाम कुश्मा बजार जोड्ने गरी अर्को लामो पुलको अध्ययन भइरहेको पनि नगरप्रमुख पौडेल बताउनुहुन्छ।

# खेत मासेर रिसोर्ट !

पोखरापत्र संवाददाता
दमौली, १२ माघ

खेत मासेर तनहुँमा एक व्यक्तिले रिसोर्ट निर्माण गरेका छन्। पोखरा निवासी बकबहादुर गुरुङले म्याग्दे गाउँपालिका-६ स्थित भुलभुलेमा ठूलो रकम खर्चेर रिसोर्ट निर्माण गर्नुभएको हो।

सिङ्गापुरे सिपाहीबाट अवकाश लिनुभएका गुरुङले करिब रु साढे चार करोड खर्च गरी सिंह भिलेज रिसोर्ट प्रालि निर्माण गर्न लाग्नुभएको हो । पृथ्वीराजमार्गसँगै जोडिएको खेत देख्दा रहर लागेर किनेँ तर खेत रोप्न पानीको सुविधा नभएपछि विकल्पका रूपमा रिसोर्ट बनाउन लागिएको गुरुङले बताउनुभयो।

उहाँले भन्नुभयो, "राजमार्गसँगै जोडिएको जग्गा भएकाले केही गरौँ भनेर रिसोर्ट निर्माण गरेको हुँ ।" रिसोर्टसम्बन्धी आफूलाई कुनै पनि जानकारी नभए पनि काम गर्न सक्छु भनेर करिब नौ रोपनी क्षेत्रफलमा स्वीमिङ पुल, कटेजलगायतका भौतिक संरचना निर्माण गर्ने काम भइरहेको उहाँले जानकारी दिनुभयो।

स्वदेशमा रहेर केही गरौँ र केही व्यक्तिलाई रोजगारी दिऔँ भन्ने भावना पलाएपछि आफू यसतर्फ अग्रसर भएको गुरुङ बताउनुहुन्छ।

उक्त रिसोर्ट निर्माण गर्न थालेको दुई वर्ष बितिसक्यो अझै सम्पन्न गर्न सकिएको छैन । उहाँले भन्नुभयो, "अघिल्लो वर्षको कोरोनाले पनि काम गर्न सकिएन, अहिले पनि उही चाल होलाजस्तो देखिएको छ।"

पटक-पटकको कोरोनाका कारण निरन्तर निर्माणकार्य गर्न नसक्दा निर्माण प्रभावित भई आर्थिक भार वृद्धि हुँदा कठिनाइ भोग्नुपरेको उहाँले दुःखेसो पोख्नुभयो।

# समायोजन भएका कर्मचारी सङ्घमा फर्काउन नपर्ने आदेश

रासस
काठमाडौं, १२ माघ

सर्वोच्च अदालतले नेपालको संविधान जारी भए पनि सरकारले गरेको कर्मचारी समायोजनलाई कानूनसम्मत भएको उल्लेख गर्दै समायोजन भएकाकर्मचारीलाईपुनःसङ्घीयनिजामती सेवामा फर्काउन नपर्ने निर्णय गरेको छ।

न्यायाधीश डा आनन्दमोहन भट्टराई, सपना प्रधान मल्ल र नहकुल सुवेदीको पूर्ण इजलासले बुधबार समायोजन भएर प्रदेश र स्थानीय तहमा गएका कर्मचारीलाई सङ्घमा ल्याउन नपर्ने फैसला सुनाएको हो।

"समायोजित भई प्रदेश र स्थानीय तहमा गएका कर्मचारीको हकमा फराकिलो वृत्तिविकासको अवसरको सुनिश्चितता, वर्गीकृत भौगोलिक क्षेत्रको कार्यानुभव प्राप्त गर्न पाउने अवसरको उपलब्धता गराउनु", फैसलामा भनिएको छ, "त्यसको अभिलेख व्यवस्थापन तथा समायोजनका सम्बन्धमा देखापरेका गुनासोको सम्बोधनलगायत सकारात्मक उत्प्रेरणाका लागि आवश्यक नीतिगत कानूनी र व्यवस्थापनीय प्रबन्ध गर्नु।"

त्यस्तै सर्वोच्च अदालतले लोकसेवा आयोगबाट विज्ञापन गरिएको पदको अन्तिम नजिता रोक्ने सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गत भदौ ३ गतेको निर्णय बदर गरी विज्ञापनको परीक्षाफल प्रकाशित गर्न आदेश जारी गरेको छ।

अदालतले स्थगित गरिएका विज्ञापनको परीक्षाफल प्रकाशन गर्नेसमेत कार्य यथाशीघ्र गर्नु भनी सरकारका नाममा परमादेश गरेको छ।

# स्याङ्जाको एउटै गाउँबाट एक करोड बढीको सुन्तला बिक्री

रासस
वालिङ, १२ माघ

यहाँको एउटै गाउँबाट यसपटक एक करोडभन्दा बढीको सुन्तला बिक्री भएको छ । स्याङ्जाको गल्याङ नगरपालिका-७ सिरौंसा गाउँका किसानले यसपटक सुन्तला बिक्रीबाट एक करोड २५ लाखभन्दा बढी आम्दानी गाउँमा भित्र्याएका हुन् । सिरौंसाको नवदुर्गा फलफूल तथा कृषि समूहमा आबद्ध किसानहरूको मुख्य आम्दानीको स्रोत नै सुन्तला खेती भएको समूहका संयोजक भूपराज भण्डारीले बताउनुभयो । सिरौंसा गाउँमा सुन्तला खेती गर्ने किसानहरू दुईवटा समूहमा आबद्ध रहेका छन् । दुईवटा समूहमा गरेर ६२ घरधुरी समावेश छन्।

"गत वर्षको तुलनामा यस वर्ष सुन्तला उत्पादनमा कमी भयो," संयोजक भण्डारीले भन्नुभयो, "गत वर्ष गाउँमा सुन्तला बिक्रीबाट डेढ करोडभन्दा बढी रकम भित्रिएको थियो।"

समूहमा आबद्ध प्रत्येक घरधुरीले सुन्तला बिक्रीबाट न्यूनतम एक लाखभन्दा बढी आम्दानी गर्ने गरेको उहाँले बताउनुभयो । गाउँमा सबैभन्दा पहिलेदेखि व्यावसायिकरूपमा सुन्तला खेती गर्दै आउनुभएका संयोजक भण्डारीले मात्रै यो वर्ष सुन्तला बिक्रीबाट रु १७ लाख आम्दानी गर्नुभएको छ। "गाउँमा सुन्तला बिक्रीबाट न्यूनतम एक लाख कमाउने धेरै हुनुहुन्छ," उहाँले भन्नुभयो, "६/७ जनाले रु चार लाखदेखि रु १७ लाखसम्म सुन्तला बिक्रीबाट आम्दानी गर्नुहुन्छ ।" भण्डारीले मात्रै गत वर्ष सुन्तला बिक्रीबाट रु २२ लाख आम्दानी गर्नुभएको थियो। यस वर्ष सुन्तला उत्पादनमा कमी भएका कारण आम्दानी घटेको उहाँले बताउनुभयो। यहाँ उत्पादन भएको सुन्तला अहिले बोटबाट बिक्री भएको हो । यहाँको सुन्तला मुख्यगरी काठमाडौँ र नारायणगढ बजारमा खपत भएको हो। "स्थानीय बजारमा पनि केही मात्रामा सुन्तला खपत भएको छ तर बाहिरी बजारमा बिक्री गरेको सुन्तलालाई मात्रै आम्दानीका रूपमा राखेका छौँ", उहाँले भन्नुभयो, "यसपटक बजार मूल्य राम्रो पाएकाले पनि आम्दानी राम्रो भएको हो।"

यहाँका अर्का व्यावसायिक किसान देवीप्रसाद भण्डारीले यस वर्ष सुन्तला बिक्रीबाट रु नौ लाख आम्दानी गर्नुभएको छ । उहाँहरूजस्तै व्यावसायिक किसानहरूले सुन्तलाबाट मनग्य आम्दानी लिन थालेसँगै यहाँ सुन्तला खेतीलाई व्यावसायिकरूपमा अगाडि बढाउन किसानहरू आकर्षित भएका छन्।

सुन्तलाका नयाँ बोट लगाउने र बगैँचा विस्तार गर्ने बढ्दो क्रममा रहेकाले आगामी वर्षमा उत्पादन बढ्न गई आम्दानीमा पनि वृद्धि हुने विश्वास समूहका संयोजक भूपराज भण्डारीको छ । यस वर्षदेखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला सुपरजोनको क्षेत्रभित्र यो ठाउँलाई पनि समेटिएको छ। गल्याङ- ७ मा करिब १७ हजार हेक्टर क्षेत्रफलमा सुन्तला बगैँचा रहेको छ।

# भूगर्भ विभागका महानिर्देशकसहित १८ विरुद्ध मुद्दा दायर

रासस
काठमाडौं, १२ माघ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानी तथा खानिजन्य सामग्रीमा चरम भ्रष्टाचार गरेको अभियोगमा खानी तथा भूगर्भ विभागका महानिर्देशकसहित १८ जनाबिरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ।

खानी तथा भूगर्भ विभागका तत्कालीन उपमहानिर्देशक एवम् हालका महानिर्देशक रामप्रसाद घिमिरेको नेतृत्वमा गठित तीन सदस्यीय समितिले विभिन्न नौ वटा सिमेन्ट उद्योगले खानी दोहन गरी उत्खनन् अनुमतिमा तोकिएको भन्दा बढी चुनढुङ्गा निकालेको भन्ने विषयमा भएको छानबिनअनुसार रु एक अर्ब २६ करोड १९ लाख ४८ हजार क्षतिपूर्ति उठाउनुपर्नेमा छुट दिइएको पाइएको छ।

सिमेन्ट तथा चुनढुङ्गा कम्पनीबाट क्षतिपूर्ति नलिई केवल रु १८ लाख मात्रै जरीवाना गराई राज्यलाई अर्बौंको राजस्व घाटा गराई भ्रष्टाचार गरेको पाइएको आयोगका सहायक प्रवक्ता वेदप्रसाद भण्डारीले जानकारी दिनुभयो । बदनियत पूर्वक गठन गरिएको जयराज घिमिरे संयोजकत्वको छानबनि समितिका आधारमा सरकारलाई राजस्व हानी नोक्सानी गराई निजी कम्पनी तथा उद्योगलाई फाइदा पुग्ने काम गरेको पाइएको छ।

वार्षिक स्वीकृत क्षमताभन्दा बढी माइनिङ स्किममा आव २०७४/७५ र आव २०७५/७६ को तोकिएभन्दा बढी उत्खनन् गरेको आयोगको अध्ययनमा देखिन्छ । अधिक चुनढुङ्गा उत्खनन् गर्ने सर्वोत्तम सिमेन्ट, सिद्धार्थ मिनरल्स प्रालि, मारुती सिमेन्ट, अन्नपूर्ण क्वेरिज, उदयपुर मिनरल्स, युनाइटेड सिमेन्ट, सोनापुर मिनरल्स, कञ्चन क्वेरिज, डोलोमाइट चुनढुङ्गा प्रालि लगायत छन्। ती नौ कम्पनीलाई वार्षिक प्रति आवमा रु एक लाखका दरले मात्रै जरिवाना लिने गरी विभागीय निर्णय गरी क्षतिपूर्ति उठाउने कानूनी कर्तव्यबाट बिमुख भई सामान्य जरिवाना मात्रै गराएको आयोगको ठहर छ। विभागको निर्णयबाट सरकारले रु एक अर्ब २४ करोड ४५ लाख २६ हजार ६४३ बराबरको हानी नोक्सानी व्योहोर्नु परेको छ।

आयोगले तत्कालीन खानी तथा भूगर्भ विभागका सुपरिटेन्डेन्ड माइनिङ इन्जिनियर जयराज घिमिरे, उपसचिव कानून सपना अधिकारीबिरुद्ध रु एक अर्ब २४ करोड ४५ लाख २६ हजार ६४३ बराबरको बिगो दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ। यस्तै, उपन्यायाधिवक्ता चन्द्रकुमार पोखरेल, सिनियर डिभिजन मेकानिक इन्जिनियर प्रशान्त बोहोरा, सिडिजी धर्मराज खड्का, लेखा अधिकृत श्रीभद्र गौतम, रिसर्च अधिकृत वसन्त अधिकारी र जियोलोजिष्ट डा सैनिक भण्डारीबिरुद्ध भ्रष्टाचार निवारण ऐनको दफा १९ बमोजिम कारवाहीको माग दाबी गरिएको छ।


**Provincial Government**
**Ministry of Health and Population**
**Infectious and Communicable Disease Hospital**
**Pokhara-30, Mohoriya, Kaski**
**Gandaki Province, Nepal**

**Invitation for Sealed Quotation For the Repair and Maintenance Works at ICDH**

**Contract Identification No : ICDH/Works/SQ/ebid-03/078-79**
**Date of Publication: 27 January 2022**

1. The Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski invites electronic sealed quotations from Nepalese eligible bidders for the ***Repair and Maintenance Works at Infectious and Communicable Disease Hospital.*** The estimated amount for the works is NRs. 17,09,298.16 (Exclusive VAT and Contingency).
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski, Ph no. 061-561268 or may visit PPMO e-GP system website www.bolpatra.gov.np/egp.
3. Bidding documents must be purchased through web portal www.bolpatra.gov.np/egp upon payment of a non-refundable fee of ***Rs.1000.00*** by cash deposit in the account specified below: And submit the receipt Voucher along with the bid.
   Name of the Bank: Rastriya Banijya Bank Ltd. Prithvi Chowk Branch
   Name of the Office: Infectious and Communicable Disease Hospital.Kaski
   Office Code No: 3550639034
   Account No: 1000100501004000
   Rajaswa (revenue) Shirshak No:14229
4. Electronic bids must be submitted to the above office through e-GP system i.e www.bopatra.gov.np/egp on or before 12:00 Noon 11 February 2022. Bids received after this deadline will be rejected.
5. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at **11February 2022 on 13:00 hours** at the office of Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs. 50,000.00,** which shall be valid for 30 days beyond the validity period of the bid.i.e 75 days.
6. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the account specified below. And submit the receipt of the deposited amount of cash along with the bid.
   Name of the Bank : Rastriya Banijya Bank Ltd. Prithvi chowk, Pokhara
   Name of the Office : Infectious and Communicable Disease Hospital.Kaski
   Office Code No : 3550639034
   Dharauti Account No: 3020100202030000 (Pradesh Lekha Niyantrak Karyalaya, Kaski)
7. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The remaining matters not covered in this notice shall be as per prevailing Procurement Act and Regulation.

**Office Chief**